नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, दोलखा

फोन : ०४९–४२१११९
फ्याक्स : ०४९–४२१०८२
email:
dolakha@dolma.gov.np

## जग्गा नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

प्रथम पटक प्रकाशितः-२०८२/०२/१४

दोलखा जिल्ला साविक मेलुङ गा.वि.स. वडा नं. २ बस्ने रा बहादुरको छोरा धन बहादुर दमाईका नाममा दर्ताश्रेस्ता कायम रहेको दोलखा जिल्ला साविक मेलुङ गा.वि.स. वडा नं.२ को कि.नं. २२२ को क्षेत्रफल **०२३५० व.मी.** जग्गा नामसारीका लागि राम बहादुरका नाति धन बहादुरका छोरा सनमान दमाई र प्रेम बहादुर नेपाली दर्जिको माग निवेदनमा संलग्न कागजात बमोजिम निज जग्गाधनी धन बहादुर दमाईको (मृत्यु दर्ता नं. १९८८०९१००१४४१-२ मिति २०८२/०१/२६ बमोजिम) मिति २०६९/०४/०३ मा मृत्यु भएको र निज हक खाने सबैभन्दा नजिको हकवाला एकमात्र श्रीमती पवित्रा दमिनिको (मृत्यु दर्ता नं. १९९२०५०७०१७६९-२ मिति २०७८/१०/२५ बमोजिम) मिति २०७८/१०/०५ मा मृत्यु भएको, निज मृतक दम्पत्तिबाट एक छोरी मान लक्ष्मी दमिनी र तिन छोरा जेठो सनमान दमाई, माईलो प्रेम बहादुर नेपाली दर्जी र कान्छो छोरा तिल बहादुर दमाईको जायजन्म भएकोमा छोरी मान लक्ष्मी दमिनी बिवाह भई अन्यत्र गएको, तिन छोरा मध्ये कान्छो छोरा तिल बहादुर दमाई मिति २०५० साल देखि बेपत्ता भएको र सम्मानित दोलखा जिल्ला अदालतबाट जारी भएको प्रमाणपत्र नम्बर ०८१-०१-००१७ मिति २०८२/०१/१७ मा मृत्यु न्यायिक घोषणा भएको, निज तिल बहादुर दमाईको एकमात्र श्रीमती मिना दमाई कुनै सन्ताको पनि सन्ताको जायजन्म नगराई अन्यत्र विवाह गरि गएको र निज मृतक जग्गाधनी धन बहादुर दमाई र निजको श्रीमती पवित्रा दमाईलाई समेत निवेदकहरु सनमान दमाई र प्रेम बहादुर नेपाली दर्जिले जिवित अवस्थामा पालनपोषण औषधी उपचार तथा परलोक पश्चात सामाजिक परम्परा अनुसार काजकिरिया समेत गरेको हुँदा मृतक जग्गाधनीको हकखाने (चलानी नम्बर ६२२ मिति २०८२/०१/१६ को नाता प्रमाणित प्रमाणपत्र अनुसार) सबैभन्दा नजिकको हकवाला जग्गाधनीको छोराहरु निवेदक सनमान दमाई र प्रेम बहादुर नेपाली दर्जि मात्र हुन भनी मेलुङ गाउँपालिका ७ नं. वडा कार्यालयको चलानी नम्बर ६३८ मिति २०८२/०१/१९ को किटानी सिफारिस बमोजिम आफ्नो नाममा नामसारी गर्न निवेदन पेश गरेको हुँदा उल्लिखित जग्गामा कसैको हकदावी छ वा छैन ?, कसैको हक जान्छ की ?, कुनै कसैलाई असर पर्छ की ? अन्य हकदार छन वा छैनन ? , सो सन्दर्भमा जानकारीको लागी यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेकको ३५(पैतिस) दिन भित्र आफ्नो हक दावीको प्रमाण साथ वा कानुन बमोजिम वारेस लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला । अन्यथा माग बमोजिम उक्त जग्गा नामसारी भई गएपछि कुनै किसिमको उजुर वाजुर लाग्ने छैन, भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराईन्छ ।